सफलताको कथा

# पहिला माछी जालमा अहिले माछी तालमा

**संकलक तथा लेखन**
**सीता श्रेष्ठ -उद्यम विकास सहजकर्ता)**

रामेछाप जिल्लाको सदरमुकाम मन्थली स्थित तामाकोशी किनारमा अवस्थित हाटेचौर समुदाय माझीहरुको सघन वसोवास रहेको समुदाय हो । यहाँका माझी समुदायहरु पुल वन्न पहिले ढुङ्गा चलाउने, नदिमा माछा मार्ने र दोवाटोमा बटुवाहरुलाई जाँड विक्री गरेर जीविकोपार्जन गर्ने गर्थे । समयक्रमसँगै नदिमा पुल वने पछि र सडक यातायातको प्रभावले ढुङ्गा चलाउने र जाँड विक्री गर्ने पेशा त्यसै लोप भए भने नदिमा पनि विभिन्न कारणले माछा कम हुन थाले पछि जीविकोपार्जनका लागि समेत धौ धौ पर्न थाल्यो ।

त्यतिकैमा उक्त समुदायमा सहयोगी संस्था सामुदायिक विकास समाज मार्फत गरिबी निवारण कार्यक्रम लागु भयो । र २ वटा सामुदायिक संस्था (जलदेवी र नागकन्य) को गठन भयो । सामुदायिक संस्थामा घर परिवार अतिसिमान्तकृत माझीहरु ३७ घर, २ घर दलित, नेवार ४ घर र अन्य ५ घर गरि ४८ घर परिवार समेटिए । सदरमुकाम आसपास भएकोले पशुपालनका लागि आवश्यक घाँस तथा चरिचरणको अभाव हुनु, सवैले वन्द व्यपार गर्ने अवस्था पनि नहुदा के गर्ने गर्ने के नगर्ने वीच उनीहरुले सुझाए **वरु तामाकोशी नदि किनारमा खेरा गइरहेको जमिनमा माछापालन गर्ने ।**



सामुहिक रुपमा माछापालन गरि जीवनस्तरमा सुधार ल्याउने उनीहरुको योजना नविन र चुनौती पूर्ण थियो । यद्यपी आवश्यक प्राविधिक सम्भाव्यता अध्ययन गरि सम्भावना देखे पछि गरिबी निवारण कोष समक्ष प्रस्ताव पत्र पेश भयो । **गरिबी निवारण कोषले रु.२०,९३,५००।– (वीस लाख त्रियाननव्वे हजार पाँच सय) सहयोग उपलव्ध गरायो । गाविसको रु.४००००। र समुदायको रु.५९६०९७ वरावरको श्रमदानमा जिल्लाकै नमूना माछापोखरी वन्यो १५ मिटर चौडाइ र ६० मिटर लम्वाईको । हाल पहिलो पटक विभिन्न जातको ६००० माछाको भुरा समेत हालि सकेको छ ।** करिब ५ महिनामा विक्री गर्न तायर हुने माछा विक्री गरेर करिब रु.८,००,०००।– आठ लाख आम्दानी हुने र सवै खर्च कटाएर ६ लाख नाफा हुने वताउछन उक्त माछापलन पकेट क्षेत्र कार्यक्रमका अध्यक्ष गोरे माझी । उनले भने **"हामी माझी जाति माछा मारेरै जीविका चलाउथ्यौ, तर नदीमा माछा कम हुदै गए पछि २–४ पैसा कमाउने वाटो पनि टुटेको थियो । फेरी पोखरीमा माछापालेर आम्दानी गर्ने सोचले काम थालेका छौ, जसमा गरिबी निवारण कोषले सहयोग गरेकोमा हामी खुशि छौ पहिला जालमा माछा मार्थ्यौ अव तालमा माछा मार्ने भयो ।"** पहिलो पटक सामूहिक रुपमा पोखरीमा माछापालन शुरु गरेकोमा गर्व र खुशि व्यक्त गर्दै उक्त समूहकी ..भन्छिन **"पहिलो चोटी माछापोखरी वनाई माछापाल्न लागेको खुशिले काम गर्दा दुःख नै विसियौ, ढुंगा वोक्दा र पोखरी सम्यौद त हैरान नै भएको थियो, तर माछाको लोभले भोक तिर्खा विर्सेर काम गऱ्यौ, अहिले पोखरीमा माछा खेलेको देखे पछि मन नै हरर हुन्छ, झन माछा ठुलो भएर विक्री गर्ने दिन त एउटा पर्व नै हुन्छ होला !" उनि कल्पना गर्छिन** । सदरमुकाम नजिकै भएर पनि वत्तिमुनिको अध्याँरो भने झै अति सिमान्तकृत आदिवासी जनजाति, दलित र गरिबहरुको वासोवास रहेको उक्त समुदायमा गरिबी निवारण कोषले माछापोखरी लगायत अन्य विभिन्न सहयोग गरेको छ । जलदेवी सामुदायिक संस्थाका सचिव वासु वि.क. भन्छन **"गरिबी निवारण कोषको सहयोगमा सामुदायिक विकास मसाज मार्फत सामुदायिक संस्था वने पश्चात गाऊघर सरसफाइ देखि, खानेपानीको सुविधा, सामुदायिक भवन, वाख्रापालन लगातय हाल माछापोखरी समेत निर्माण गऱ्यौ । माछापोखरीले लक्षित वर्गको जीवनस्तर सुधार मात्र हैन त्यस भेगको समग्र विकासमै प्रभाव पार्ने देखिन्छ ।"** उनि थप्छन **"माछापोखरी निर्माण भए पश्चात नदि किनारको खेरा गएको जमिनको सदुपयोग मात्र हैन सवैको दर्शनिय स्थलको रुपमा समेत विकास भएको छ । अझ थप व्यवस्थित गरि यसलाई पार्कको रपमा समेत विकास गर्ने योजना समेत सुनाए उनले ।**



साच्चै भन्नु पर्दा गरिबी निवारण कोषको सहयोगमा रामेछाप जिल्लामै एउटा नयाँ प्रयास भएको छ माछापालन कार्यक्रम । धेरै चुनौतिका वीचमा सामुदायिक संस्थाको सक्रियाता र सदस्यहरुको मेहनतको प्रतिफल निर्माण भएको माछापोखरी हाटेचौरको गहना नै वनेको छ । साथै गरे के नहुने रहेछ भन्ने एउटा उदाहरण समेत वनेको छ ।

# कसाईहरु वसाई सर्नु परेन ।

संकलन तथा लेखन
पशुपति श्रेष्ठ, प्राविधिक, सीडीएस

रामेछाप जिल्लाको पुरानो सदरमुकाम रामेछाप नजिकै भंगेरीमा कसाईहरुको वसोवास छ । गरिबी निवारण कोषले रामेछाप जिल्लामा काम गर्न शुरु गरे पछि सहयोगी संस्था सामुदायिक विकास समाज मार्फत रामेछाप गाविसमा पनि कार्यक्रम शुरु भयो । रामेछाप जिल्लाको रामेछाप गाविस वडा नं. ४ मा पर्ने भंगेरीमा तीन वटा सामुदायिक संस्थाहरु (शप्तकोशी, मखमली र देवीथान) गठन भयो । प्रारम्भमा उनीहरुले गरिबी निवारण कोषको सहयोगमा आयआर्जनको काम गरे । तर खानेपानीको मुहान सुक्दै गए पछि उनीहरुलाई खानेपानीको समस्याले सताउन थाल्यो । वरपरका मुहान कुवाँहरु सक्न थाले पछि १ गाग्री पानीका लागि पनि १ घण्टा भन्दा वढी समय लगाएर धेरै टाढावाट वोकेर ल्याउनु पर्ने अवस्था सृजना भयो । गाऊका महिलाहरुको अधिकांश समय पानी वोक्नै लाग्ने भए पछि काममा जान, वस्तुभाउ पाल्न र घरकरेसा गर्न समेत गाह्रो भयो । पानीकै दुःखले गाऊ नै छोड्ने पर्ने हो कि ! वसाई नै सर्नु पर्ने हो कि ! भन्ने अवस्था सृजना भयो ।





अव के गर्ने ? कसरी खानेपानीको समस्या समधान गर्ने ? वरपर पानीको मुहना पनि थिएन । भएको एउटा मुहनावाट अरुले नै पानी खाइसकेको थियो । गाउका सम्पन्नहरुले धेरै वर्ष अगाडी गाविसको सहयोगमा लिफ्ट गरि खानेपानी खाएका थिए । त्यस वखत गरिब तथा छेउलागको कसाईहरुको वारेमा कसले चिन्ता गर्ने, फेरी उनिहरु पनि भएका कुवाहरुवाटै जेनतेन पानी पुगेकै थियो किन चासो राख्ने र ! तर अहिले फसाँद पर्‍यो । अव भने त्यही मुहानको पानी वाडचुड गरि खाने प्रस्ताव वाहेक अर्को उपाय भनेको गाउ छोड्ने भन्दा अर्को उपाय थिएन ।
त्यस पश्चात तीनवटा सामुदायिक संस्थाका सदस्यहरु भेला भएर पानी दिनका लागि आफ्नै समुदायका अन्यलाई अनुरोध गर्ने र जसलाई आफ्नो समुदायसम्म लिफ्ट गर्नका लागि सहयोगी संस्था सामुदायिक विकास समाज मार्फत गरिबी निवारण कोषलाई अनुरोध गर्ने निर्णय गरे । यसरी सामुदायिक विकास समाजमा निवेदन प्राप्त भए पश्चात सामुदायिक संस्थाका सदस्यहरु र सामुदायिक संस्था वाहिराका उपभोक्ताहरु वीच छलफल गरि पुरानो योजनाको पूर्ण मर्मत सुधार सहित लक्षित समुदायले समेत पानी खाने गरि नयाँ योजना संचालन गर्ने निधो गरे ।

प्राविधिक डिजायन स्टीमेट तयार भयो र लागत निस्कियो रु.३५,३८,९१६।– रुपैया । आवश्यक स्रोत जुटाउनका लागि लागि परे समुदायका मानिसहरु गरिबी निवारण कोषले रु.१८,७१,५००।– सहयोग गर्‍यो, जिल्ला विकास समितिले रु.२००००।– रामेछाप गाविसद्धारा रु.६,०३,०००।– र समुदायले आफै रु.४,८०,०००।– उठाए । करिब १ वर्षको अवधीमा २० घ.मी.को २ वटा फेरो सिमेन्ट ट्याकी, पानी तान्ने मेशिन २ वटा (२० एचपी र २५ एचपीको प्यानल वोर्ड सहित), पम्प हाउस र ५० वटा धारा पोष्ट सहितको योजना सम्पन्न गरे । २५ वैशाख २०७० मा पूर्व राज्यमन्त्रि लक्ष्मण घिमिरेको प्रमुख आथित्यमा भव्य उद्घाटन समेत गरे । उक्त योजनावाट १५१ घरधुरी लाभान्वित भएका छन् । योजनालाई दीगो वनाउनका लागि अवाश्यक जनशक्ति तयार गर्न पोल्मवर तालिम दिइएको छ भने मर्मत सम्भार नीति वनाई कोषमा रु.१,४१,०५१।– वरावर रकम समेत सकलन भएको छ ।

खानेपानी योजना वारे उक्त योजना सम्पन्न पार्न सक्रिय रुपमा लागिपरेका स्थानीय उपभोक्ता मध्ये एक विष्णु श्रेष्ठ भन्छन **"सामुदायिक विकास समाज मार्फत गरिबी निवारण कोषको सहयोग पाएर नै हामीले जिल्लाकै नमूना खानेपानी योजनाको रुपमा भंगेरी खोनपानी योजना गर्न सफल भयौ । उक्त योजनाको निर्माण समितिका अध्यक्ष ..थप्छन "हामी एउटै गाउमा कोही पानी खाने कोही घण्टौ समय लगायन पानी लिन जानु पर्दा नमज्जा लाग्थ्यो, तर योजनालाई मर्मत र विस्तार गर्न सक्ने अवस्था थिएन, अहिले गरिबी निवारण कोषले सहयोग गर्‍यो र हामी सवै घरगाउलेले पानी खाना पाएका छौ ।"** यसै सन्दर्भमा ...सामुदायिक संस्थाका अध्यक्ष ..ले भने **"खानेपानीकै कारण वसाई सर्नु पर्ला जस्तो भएको थियो अव घरघरमा पानी आए पछि यही गाँउमा जस्तो पानीको सुविधा कहि भएन, अव घरकरेसामा तरकारी लगाउन समेत भएको छ, पानीले गर्दा नर्क जस्तो ठाँउ पनि स्वर्ग जस्तो हुने रहेछ ।"**

# गाग्री जुलुसका रित्ता गाग्रीहरु पानील भरिए ।

संकलन तथा लेखन
पशुपति श्रेष्ठ, प्राविधिक, सीडीएस

रामेछाप जिल्लाको सदरमुकाम मन्थली नजिकै रहेका कुडार गाँउवासी खानेपानीको मुहान सुक्दै गए पछि चिन्तित थिए । वस्तीमुनि तामाकोशि नदी वगेको छ तर वस्तीमा पानीको हाहकार हुदै गए पछि नदीको पानी तान्नका लागि उनीहरुले धेरैलाई गुहारे तर सुनुवाइ भएन । अन्तमा खानेपानीको माग गर्दै जिल्ला सदरमुकाममा गाग्री जुलुस निकाले र जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय लगायत घेराउ गरे । जिल्ला प्रशासन कार्यालयमा विभिन्न सरोकारवालाहरुको उपस्थितमा वार्ता भयो, सरकारी निकायहरु, गैरसरकारी संघसंस्थाहरु, गाविसजिविस कसले खानेपानी योजना संचालन गर्न सकिन्छ र कुडारवासीलाई खानेपानीको माग पुरा गर्न सकिन्छ भन्ने वारेमा छलफल भयो । अन्नत: रामेछाप जिल्लामा लामोसमयदेखि काम गरिरहेको र धेरैले सामुदायिक विकास समाज मार्फत नै आवश्यक पहल प्रयत्न गर्नका लागि अनुरोध गरे । सामुदायिक विकास समाजले पनि प्रतिवद्धता जनाए । वार्ता सम्पन्न भयो, गाग्रीवोकेर आएका कुडारवासी आश्वस्त हुदै घर तिर फर्किए ।



तत्काल आस्थायी रुपमा खानेपानी सुविधा उपलव्ध गराउने उद्धेश्यले खानेपानी डिभिजन तथा सरसफाइ कार्यालयले पाइप उपलव्ध गरायो र जिल्ला विकास समिति, गाविसले समेत सहयोग गरे । अर्को तिर सामुदायिक विकास समाजले सामुदायिक संस्था ( पारिजात र भैरब) मार्फत उपपरियोजना तयार गरि गरिबी निवारण कोषमा पेश गऱ्यो । नभन्दै गरिबी निवारण कोषले रु.१२ लाख ३० हजार रुपैयाँ सहयोग स्वीकृत गऱ्यो । २०६८ कार्तिकदेखि खानेपानी योजना शुरु भयो करिब १ वर्षमा २०७० वैशाखमा योजनाको भव्य उद्घाटन समेत भयो ।



हाल तामाकोशी नदी किनारमा ईनार सहित २० घ.मि.को दुईवाट ट्यांकी, १८ एचपीको पानी तान्ने मोटर सहितको पम्प हाउस र घरपिच्छे धारा सहित ९३ घर परिवारले आँगनमा खानेपानीको सुविधा प्राप्त गरेका छन् । कुडारवासी घरघरमा खानेपानीको सुविधा पाउदा खुशिले गद्‌गद् भएका छन् । उक्त खानेपानी योजनामा सक्रिय रुपमा लागिपरेका स्थानीय उपभोक्ता मध्ये एक गजेन्द्र थापा भन्छन **"सामुदायिक विकास समाजले प्रवितवद्धता नजनाएको भए सायदै अरुले पनि सहयोग गर्ने थिएन, सामुदायिक विकास समाजले गरेका प्रतिवद्धता वमोजिम गरिबी निवारण मार्फत जुन सहयोग जुटायो र अग्रसरता देखायो र परिणाम स्वरुप खानेपानी योजना सफल भयो हामी कुडारवासी सामुदायिक विकास समाजको गुण कहिल्यै भुल्न सक्दैनौ ।"** उनले **सामुदायिक विकास समाज लगायत सहयोग गरेकोमा गरिबी निवारण कोष, जिल्ला विकास समिति रामेछाप, मन्थली गाविस र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय प्रति समेत आभार व्यक्त गरे ।**

वास्तवमा कुडार खानेपानी योजना समुदाय आफै आफ्नो समस्या समधानको लागि अग्रसर भएमा सजिलै समस्या समधान गर्न सकिने रहेछ भन्ने एक ज्वालन्त उदाहरण वनेको छ । साथै सरोकारवालाहरुको वीचमा पारस्परिक सहयोग र स्रोत साझेदारिता भएमा समस्या समधानका लागि उदाहरण पनि वनेको छ कुडार खानेपानी योजना । उक्त योजना उद्घाटनका क्रममा प्रमुख जिल्ला ईन्जिनियर गुरु प्रसाद शर्माको भनाईले पनि पुष्टी गर्दछ । पानीको खोजीमा वोकेका रित्ता गाग्रीहरु अहिले पानीले भरिएका छन् । योजनालाई दीगो वनाउनका लागि अवाश्यक जनशक्ति तयार गर्न पोल्मवर तालिम दिइएको छ भने मर्मत सम्भार नीति वनाई कोषमा रु.५,४२,२६०।– (व्याज सहित) वरावर रकम समेत सकलन भएको छ ।

सफलताको कथा

# सुख पायो मंगले आफ्नै ढंगले !

**संकलन तथा लेखन**

**ममिता तामाङ, सा.प. सीडीएस**

**"दु:ख पायो मंगले आफ्नै ढंगले"** यो प्रचलित कहवात हो । तर रामेछाप जिल्लाको रामेछाप गाविस वडा नं. ३ स्थित आरुवोटे सामुदायिक संस्थाका कोषाध्यक्ष मंगले वि.क.को जीवनमा भने यस कहवात ठिक उल्टो भएको छ । मंगले वि.क. सहति ५ जना मिलेर **सामुहिक वंगुरपालन** मार्फत उनको जीवनमा आएको परिवर्तन सँगै उनको गाऊमा आएको परिवर्तनले यस उखानलाई यस उखानलाई गलत सावित गराएको हो ।





उनको जीवन र गाऊमा आएको परिवर्तनको कथा रामेछाप गाविसको पिछडिएको दलित वस्तीमा गरिबी निवारण कोषद्धारा जिल्लामा कार्यक्रम शुरु भए पश्चात शुरु हुन्छ । यस भन्दा अघिसम्म त्यहाका अधिकांश दलितहरु नजिकैको घिमिरे गाँऊमा हलो जोत्ने, वनिवुतो गर्ने र ज्याला मजदुरी गरेरै गुजाँर गर्दै आएका थिए । वास्तवमा भन्ने हो भने उनीहरुको आर्थिक अवस्था मात्र कमाजोर थिएन कि उनीहरुको गाँउमा न त खानेपानीको सुविधा थियो, न त गतिलो विद्यालय, न वाटो न वत्ति ।

यसै वीचमा २०६३ सालमा १६ घर दलित, ६ घर जनजाति र ४ घर अन्य सहित २६ घरधुरी समेटेर सामुदायिक विकास समाजको सहजिकरणमा आरुवोटे सामुदायिक संस्थाको गठन भयो ।  ततपश्चात जीवनस्तर सुधारका लागि के गर्ने ? कसरी अगाडी वढ्ने ? भन्ने वारेमा छलफलहरु हुन थाल्यो । अर्कोतिर समुदायको समस्याहरुको पहिचान, समधानका उपयाहरु खोजी र सर्वोत्तम उपायहरुको कार्यान्वयन गर्ने कार्य पनि अघि वढ्यो । सवै घरले आयआर्जनका लागि आ–आफ्नो ईच्छा वमोजिमका विभिन्न गतिविधीहरु रोजे जस्तै वाखापालन, किरानापसल, भैसीपालन, आरन सुधार आदि । तर उक्त सामुदायिक संस्थाका ५ जना -मंगले वि.क., लेख वहादुर वि.क., ) ले भने २–४ वटा वाखा भैसीले भन्दा व्यवसायिक रुपमा अगाडि वढेमा मात्र सोचेजस्तो आम्दानी हुने ठानेर सामुहिक रुपमा व्यवसायिक वंगुरपालन गर्ने निधो गरे ।
व्यवसायिक रुपमा सामुहिक वंगुरपालन गर्ने सोच वनाए पछि नमूना वंगुरपालन कार्यक्रमको रुपमा पुन: गरिबी निवारण कोषले रु.३,७२,६२५।–(तीन लाख वहत्तर हजार छ सय पच्चीस) वंगुर खरिद तथा दाना खरिदको लागि उपलव्ध गरायो । १० वटा कोठा भएको वंगुर खोर निर्माण गरि १ वटा विर सहित ..वटा माऊ र ...वटा मासुको लागि पाठापाठी सहित सामुहिक वंगुरपालन शुरु भयो । अहिले उनीहरुको वंगुरपालन जिल्लाकै नमूना वंगुरपालन व्यवसाय मात्र नभइ राम्रो आम्दानीको स्रोत समेत भएको छ । मंगले वि.क भन्छन "हालसम्म ..वटा वंगुर ...लखा वरावरको वेचियो, अलिहे ...वंगुर छ, अवको १ दुई वर्षमा वार्षिक ...आम्दानी गर्न सकिन्छ भन्ने विश्वास छ । अहिले १ जना कामदार समेत राखेर थप व्यवस्थित गरिएको छ । उनीहरुको सत्प्रयास देखेर जिल्ला पशुसेवा कार्यालय रामेछापले समेत उनीहरुलाई तालिम दिने, प्राविधिक सहयोग परामर्श दिने र खोर निर्माणमा समते सघाएको छ ।

सामुहिक वंगुरपालक मध्ये एक र आरुवोटे सामुदायिक संस्थाका सचिव समेत रहेका लेख वहादुर वि.क. विगतको अवस्था सम्झेर **भन्छन "हामी पानी लिन एक घण्टाको वाटो जानु पर्थ्यो, सवैतिर वत्ति वले पनि हाम्रो वत्ति थिएन, केही गरौ भने पनि पैसा नएर अरुको अधिया ल्याउर पाल्नु पर्थ्यो, विद्यालयको हालत त्यस्तै थियो अहिले सामुदायिक संस्था वने पछि एकता र मेलमिलाप भयो, सवैले प्रयास गर्‍यौ हामीलाई गरिबी निवारण कोष र सामुदायिक विकास समाजले पनि सघायो अहिले खानेपानीको प्रवन्ध पनि भएको छ, कच्चि सडक पनि वनेको छ, वत्ति पनि वलेको छ, विद्यालय पनि सुधार भएको छ, १ माउ वाखा, भैसी वा साना किराना पसल आदि चलाउन सामुदायिक संस्थामा नै घुम्तिकोष छ यो भन्दा अव के चाहियो र !"** उक्त सामुदायिक संस्थाका सदस्य कर्ण कुमारी नेपाली थप्छिन **"हिजोसम्म दलित गाऊमा खेताला र हली भन्ने र कुटोकोदालो वनाउन भन्दा अरु कोही आउदैन थिए अहिले सामुदायिक संस्था भए पश्चात विश्व वैंककमा मानिसदेखि प्रधानमन्त्रि कार्यालयका मानिस, जिल्लाका विभिन्न कार्यालयका मानिस, पत्रकार र अन्यत्र जिल्लावाट घुम्न समेत**

**आउने भएका छन्, हिजो हाम्रो पानी पनि चल्दैन भन्थे अहिले हाम्रै हाताको फूलमाला, हाम्रै हातको दही, चिया खान्छन हामी त धेरै खुशि छौ** ।"

वास्तवमा भन्न करै लाग्छ आफुलाई सपार्ने र आफ्नो गाऊघर सपार्ने आफैले हो अरुले त केवल होस्टेमा हैसे मात्र गर्ने हो । भनिन्छ जवसम्म आफ्नो समुदायको विकासका लागि उनिहरु आफै अग्रसर हुदैन तवसम्म अरुले गरेको प्रयत्न अर्थहिन हुन्छ । यसर्थ मंगलेको पौरख र गाऊ देखेर भन्नु पर्ने हुन्छ **"सुख पायो मंगले आफ्नै ढंगले (प्रयासले) ।"**

सफलताको कथा

# घनश्यामको सफलताले सवैलाई हौस्यायो ।

संकलन तथा लेखन
सुव्वा रोका/जंग वहादुर सार्की सीडीएस



रामेछाप जिल्लाको पकरवास गाविसमा दलितहरुको पनि वाक्लै वसोवास छ । सुख्खा ठाँउ, भिरालो र अउव्जाशिल जमिन, रोजगारिको अभाव जीविकाको एक मात्र उपाय भक्तपुर ईट्टा भट्टाहरु नै थिए र यद्यपी छन धेरैको । वर्षामा सामान्य खेतीपाति लगाउन असोज कार्तिकमा चाँडवाँडसँगै वाली भिऱ्याउने र लालाबाला सहित झिटीगुण्टी च्याँपेर ईट्टा भट्टामा आउने र अर्को वर्षा नलागुन्जेल ईट्टा भट्टामै काम गर्ने उनीहरुको नियती नै वनको छ । भएका वस्तुभाऊ समेत छिमेकको जिम्मा लगाएर घरमा ढोका थुनेरै ईट्टा भट्टामा आउने पनि धेरै छन् उक्त गाविसमा ।

त्यसै मध्येका १ थिए घनश्याम सार्की पनि । उनले पनि ईट्टा भट्टाहरु आफ्नो जीवको धेरै वर्ष विताए । तर वर्मा गए नि कर्मसँगै भने झै उनको दुःखको दिन भने सकिएन । अन्ततः उनि आफ्नौ थातथलोमा अडिए र सानो वन्दा व्यपार शुरु गरे । त्यसै ताका जिल्लामा गरिबी निवारण कार्यक्रम लागु भयो र सहयोगी संस्था सामुदायिक विकास समाज अन्तरगत पकरवास गाविसमा पनि कार्यक्रम शुरु भयो । उनी पनि पकरवार गाविस वडा नं. ५ आधावाटे टोल स्थित गठित कालीदेवी सामुदायिक संस्थाको सदस्य वने । सामुदायिक संस्थामा सामुदायिक सरोकारका विभिन्न विषयसँगै कसरी आर्थिक अवस्थामा सुधार ल्याउन सकिन्छ ? भन्ने वारेमा पनि छलफलहरु भए । उनले ..गर्ने विचार गरे । प्रारम्भमा सामुदायिक संस्थाको घुम्तिकोष मार्फत नै रु... लिएर ...शुरु गरेका थिए ।

उनि अहिले उद्यमी कहिलएका छन् । उनले उनको जोश, जागर र मेहनत देखे पछि सामुदायिक संस्थाका अन्य सदस्यहरुले समेत उनलाई थप घुम्तिकोष उपलव्ध गराए । थप रकम पाए पछि घनश्यामले वंगुरपालन, कुखुरापालन साथै मिल समेत संचालन गरेका छन् । **"गाऊका धान संकलन गरेर मेलमा पिस्छु अनि ढुटो वंगुरलाई हुन्छ साथै भन्दा वढी कुखुरा पनि पालेको छु ।"** वर्षामा कति आम्दानी हुन्छ त ? भनि गरेको प्रश्नमा उनले भने **"सवै खर्च कटाएर ..जति आम्दानी हुन्छ ।"** अहिले उनी त्यस भेगमा कुखुरा आपूर्ति गर्ने मात्र नभएर वंगुरको पठापाठी र चामाल समेत आपूर्ति गर्ने गर्दछन । घनश्यामको जीवनमा आएको परिवर्तनदेखे पछि चही गर्नेलाई न ठाँउ, न भुगोल न केहीले छेक्ने रहेछ भन्नै पर्ने हुन्छ । **उनी आफै भन्छन "सवै त नभनौ तर कतिपयले यही वसेर राम्रोसँग मेहनत गर्ने हो भने ईट्टा भट्टको दास्ती व्यहोर्नै पर्दैन । कसैले कुखुरा, कसैले वाखा, कसैले तरकारी, कसैले भैसी, कसैलै वंगुर, कसैले माछा, कसैले पसल, कसैले फर्निचर सोच विचार गरेर गर्ने हो भने दुई छाका खाना र एक आङ्ग लागउन परदेशिनु पर्ने देखिन मैले । म आफै पहिला कति परदेशियँ तर अहिले गाउको जाति प्रगति पनि गर्न सकिन । गरेमा आफ्नै गाँउघरमा नै हुने रहेछ । वल्ला पो वुद्धि आएको छ ।"**

घनश्यामले वंगुरपालन, कुखुरापालन साथै मिल समेत संचालन गरेका छन् । **"गाऊका धान संकलन गरेर मेलमा पिस्छु अनि ढुटो वंगुरलाई हुन्छ साथै भन्दा वढी कुखुरा पनि पालेको छु ।"** वर्षामा कति आम्दानी हुन्छ त ? भनि गरेको प्रश्नमा उनले भने **"सवै खर्च कटाएर ..जति आम्दानी हुन्छ ।"** अहिले उनी त्यस भेगमा कुखुरा आपूर्ति गर्ने मात्र नभएर वंगुरको पठापाठी र चामाल समेत आपूर्ति गर्ने गर्दछन घनश्यामको जीवनमा आएको परिवर्तनदेखे पछि चही गर्नेलाई न ठाँउ, न भुगोल न केहीले छेक्ने रहेछ भन्नै पर्ने हुन्छ । **उनी आफै भन्छन "सवै त नभनौ तर कतिपयले यही वसेर राम्रोसँग मेहनत गर्ने हो भने ईट्टा भट्टको दास्ती व्यहोर्नै पर्दैन । कसैले कुखुरा, कसैले वाखा, कसैले तरकारी, कसैले भैसी, कसैलै वंगुर, कसैले माछा, कसैले पसल, कसैले फर्निचर सोच विचार गरेर गर्ने हो भने दुई छाका खाना र एक आङ्ग लागउन परदेशिनु पर्ने देखिन मैले । म आफै पहिला कति परदेशियँ तर अहिले गाउको जाति प्रगति पनि गर्न सकिन । गरेमा आफ्नै गाँउघरमा नै हुने रहेछ । वल्ला पो वुद्धि आएको छ ।"**

सफलताको कथा

# डवल वहादुरले डवल वनाए ।

संकलन तथा लेखन
रविन्द्र श्रेष्ठ,स्थानीय सामाजिक परिचालक, सीडीएस

| | |
|---|---|
| नाम | : डवल वहादुर माझी |
| गाविस | : भलुवाजोर |
| सामुदायिक संस्था | : जलकन्यदेवी, भलुवजोर–८ |
| संचालित गतिविधी | : पसल/होटल |
| परिवार संख्या | : ५ जना |

**अहिले पसलको आम्दानीले ३ जनाको घर परिवार राम्रोसँग चलेको छ भने कामको खोजीमा घर परिवार छोडेर अन्यत्रा जानु नपरेको साथै घर खर्च चलाउन दुई चार पैसाको समेत दुःख नभएकोमा उनि खुशि छन् । व्यवसाय शुरु गरेको ५।६ महिनामा नै उनले गरेको प्रगति देखेर सामुदायिक संस्थाको अन्य सदस्य समेत छक्क परेका छन् ।**

**रामेछाप** जिल्लाको **भलुवाजोर** गाविस **वडा नं. ८** स्थित सेलेघाँटमा वसोवास गर्दै आएको **डबल वहादुर माझी**को जीवनमा निकै ठुलो परिवर्तन आएको छ । उनको जीवनमा परिवर्तन ल्याउनमा सहायक भएका छन् **सामुदायिक विकास समाज।गरीबी निवारण कोष साहारा परियोजना ।**

उनी **जलकन्यदेवी सामुदायिक संस्थाका सदस्य हुन ।** उनले गरीबी निवारण कोषद्धारा सामुदायिक संस्थामा प्राप्त चक्रकोष रकमवाट आयआर्जनका लागि भर्खरै विकास हुदै गरेको सानो वजार र रामेछाप सिन्धुलीको नाकाको रुपमा रहेको सेलेघाटमा किरानापसल शुरु गरे । उनको **मेहनत, ग्राहकमैत्री स्वभाव र केही गर्छु भन्ने दृढताका कारण** पसलमा राम्रो विक्री हुन थाल्यो । सानो लगानीवाट प्रारम्भ गरेको उनको पसलमा हाल दैनिक रु.३,०००।– देखि रु.५,०००।– सम्म विक्री हुने गरेका उनले वताए ।

**अहिले पसलको आम्दानीले ३ जनाको घर परिवार राम्रोसँग चलेको वताउन छन् उनी । अहिले एउटा त कामको खोजीमा घर परिवार छोडेर अन्यत्रा जानु नपरेको साथै घर खर्च चलाउन दुई चार पैसाको समेत दुःख नभएकोमा उनि खुशि छन् । व्यवसाय शुरु गरेको ५।६ महिनामा नै उनले गरेको प्रगति देखेर सामुदायिक संस्थाको अन्य सदस्य समेत छक्क परेका छन् ।**

मात्र रु.१८०००।– (अठार हजार) चक्रकोष रकम लिई संचालन गरेको पसल अहिले करिब रु.५०,०००।– भन्दा माथिको लगानी रहेको वताउछन **डवल वहादुर** । उनले अझ पसललाई विस्तार गर्न थप लगानीको खाँचो रहेकोले सहकारी संस्था मार्फत केही ऋण लिने विचारमा रहेको वताए । आयआर्जनको सही काम छनौट गर्न सक्यो र मेहनत गऱ्यो भने सफलता धेरै टाडा नभएको एउटा राम्रो उदाहरण वनेको छ डवल वहादुर । साँच्चै डवल वहादुरले आफ्नो पसल पनि डवल (दोव्वर) वनाए र पसलले डवल (पैसा) पनि कमाए ।

सफलताको कथा

# चन्द्रकुमारी मगरको जाँगर ।

संकलन तथा लेखक
कविता मगर, स्थानीय सामाजिक परिचालक, सीडीएस

| | |
|---|---|
| नाम | : चन्द्र कुमारी मगर |
| गाविस | : सुकाजोर |
| सामुदायिक संस्था | : सागर, सुकाजोर–६ |
| संचालित गतिविधी | : वाखापालन |
| परिवार संख्या | : ५ जना |

***"वास्तवमा गरीबी निवारण कोषको आर्थिक सहयोगले मेहनतीहरुका लागि गाउमै प्रशस्त मात्रमा अवसरहरु सृजना गरि दिएको छ । जे कुरा पनि राम्रोसँग गऱ्यो भने नहुने के नै छ र ! ठुलो कुरा अव केही गर्न चहिने पैसाको लागि अव कसैको मुख ताक्नु नपर्ने भएको छ, त्यो नै सवै भन्दा खुशिको कुरा भएको छ ।"***

**रामेछाप जिल्लाको सुकाजोर गाविस वडा नं. ६ स्थित पाल्ले गाँऊमा वसोवास गर्दै आएकी चन्द्र कुमारी मगरलाई श्रीमानको आसमायिक निधनले ५ जनाको जहान परिवार के कसरी पाल्ने होला ! भन्ने ठुलो पिरलो आइलाग्यो । ४ महिना मात्र खाना पुग्ने आर्थिक अवस्थाको चन्द्र कुमारी ज्याला मजदुरी गर्दै परिवार चलाउन विवश भइन् । सामान्य पढलेखा समेत नभएकी चन्द्र कुमारीले छोराछारीको लालनपालन साथै अन्य घर खर्च धान्न गर्न दुःख गरिन् ।**

यसै वीचमा सामुदायिक विकास समाजले गरीबी निवारण कोषको आर्थिक सहयोगमा साहारा परियोजना संचालन भए पश्चात उनको समुदायमा समेत सामुदायिक संस्था गठन भयो । उनी पनि उक्त सागर सामुदायिक संस्थामा आवद्ध भइन र गरीबी निवरण कोषको कार्य प्रक्रिया वमोजिम आयआर्जनका लागि वाखापल्ने निधो गरिन् । नभन्दै उनले चक्रकोष मार्फत प्राप्त रकमले वाखापालन शुरु गरिन्

२०६५ सालमा दश हजार रुपैयाँ लिई शुरु गरेको वाखापालनले वर्षमा २/४ वटा वोका वाखा विक्री गरि वार्षिक झण्डै रु.३०,०००।– ( तीस हजार) आम्दानी भए पछि भने उसलाई घरव्यवहार चलाउन मात्र हैन आफ्ना बालबालिकाको पढाई खर्चको लागि समेत सजिलो भयो । आम्दानीको वाटो भए पछि वाखापालनवाट भएको आम्दानीले भैसी पाल्ने सोच वनाइन् । पुरानो चक्रकोष रकम फिर्ता गरि पुनः भैसीपालनका लागि थप सहयोग लिइन र भैसीपालन शुरु गरिन् । हाल उनि उक्त भैसीको दूध रामेछाप वजारमा विक्री गरि अझ वढी आम्दानी लिन सफल भएकोमा खुशि छिन् ।

हाल आम्दानीसँगसगै आफ्नो व्यक्तिगत क्षमता समेत अभिवृद्धि भएको वताउछिन चन्द्रमाया । उनि अहिले सामुदायिक संस्थाको सचिव छिन् । उनि थप्छिन– **"वास्तवमा गरीबी निवारण कोषको आर्थिक सहयोगले मेहनतीहरुका लागि गाउमै प्रशस्त मात्रमा अवसरहरु सृजना गरि दिएको छ । जे कुरा पनि राम्रोसँग गऱ्यो भने नहुने के नै छ र ! ठुलो कुरा अव केही गर्न चहिने पैसाको लागि अव कसैको मुख ताक्नु नपर्ने भएको छ, त्यो नै सवै भन्दा खुशिको कुरा भएको छ ।"**

सफलताको कथा

# वेलघारी वासीको पानीको समस्या हट्यो ।

राकाथूम गाविसको वडा नं. २ पर्ने वेलघारीमा नेवारहरुको वस्ती हो । गाविसको पुच्छारमा अवस्थित यो गाऊ सुनकोशी नदिको तिरैमा छ । ४० घर परिवारको वसोवास भएको यस समुदायका मानिसहरु केही समय अघिसम्म सुनकोशी नदीकै पानी खाना वाध्य थिए । के हिउद, के वर्ष वाहैमास सुनकोशी नदिको पानी खानु भन्दा विकल्प थिएन । पानी खाने थलो, गाई वस्तुलाई पानी पियाउने, नुहाउने धुवाउने र लाशा पोल्ने समेत ठाँउ एउटै थियो । एकातीर पानी फोहोर दुषित त थियो नै वास्ती भन्दा मुनी रहेको नदीवाट दैनिक पानी ओसार्न पनि कठिन नै थियो ।





जव महिला तथा बाल सशक्तीकरण स्वास्थ्य तथा सरसफाई परियोजना शुरु भयो तव वेलघारी जस्तो पानीको समस्या भोगिरहेको वस्तीहरुमा कसरी खानेपानी सुविधा पुर्‍याउन सकिन्छ भनेर सम्भाव्यता अध्ययन गरि सोलार सिस्टमवाट लिफ्ट गर्न सकिने ठहर गर्‍यो । शूरुमा कतिपय मानिसलाई विश्वास पनि थिएन, तललितर जाने पानी कहाँको माथितिर आउल र ! जव योजना शुरु भयो मानिसहरु उत्साहित भए । समुदायका मानिसहरु एकजुट भएर योजना सफल वनाउन लागि परे । उनिहरुले निर्माण समिति वनाए, खरिद समिति गठन गरे, लेखा समित, अनुगमन समित पनि वनाए । खरिद समितिको प्राविधिकको परामर्शमा सामाग्री खरिद गर्‍यो, लेखा समितिले हरहिसाव तन्दुरुस्त र व्यवस्थित राख्ने काम गर्‍यो र अनुगमन समितिले काम के कसरी भइरहेको छ भनेर अनुगमन गर्‍यो र नभन्दै ६ महिना भित्र टोल टोलमा धारावाट पानी झार्‍यो ।

वर्षौदेखि सुनकोशी नदिको फोहोर पानी खानुपर्ने वाध्यता र दिनहु पानी वोक्नु पर्ने पिडावाट छुटकार मात्र नभएर जिल्लामै सोलार सिस्टमवाट वस्तीमुनिको पानी तानेर खाएको नमूना योजना सफल वनाउन सकेकोमा अहिले वेलघारीवासी दंगछन् । अहिले सुनकोशी नदी किनारमा ईनार वनाएर सोलार सिस्टमवाट पानी तानेर १० वटा धारा मार्फत टोलटोलमा पानीको व्यवस्था भएको छ । गाऊ नजिकै रहेको विद्यालयमा समेत बालबालिकाहरुलाई खानेपानी सुविधा प्राप्त भएको छ । भर्खरै निर्माण गरिएका शौचालयहरु प्रयोग गर्नमा समेत सजिलो भएको छ । पानीको उपलव्धता भए पश्चात करेशावारी समेत वनाउन थालेका छन् । हाल आएको परिवर्तन र विगतको अवस्था सम्झदै उपभोक्ता समितका अध्यक्ष मनमाय श्रेष्ठ भन्छन **"पहिला पहिला हिउदमा त ठिकै हो वर्खामा त धमिलो न धमिलो पानी खानु पर्थ्यो, कहिले त नदीले लाश सिनो पनि वगाएर ल्याउथ्यो हामी मुख छोपेर लाशा पन्छाएर भए पनि पानी ल्याएर खान्थ्यौ । वस्तुभाऊ, नुहाउने धुवाउने, दिशा पिसावको त कुरै भएन तर अहिले सफा पानी खाना पाउदा मनै शितल भएको छ ।"**

उक्त समुदायका अगुवा एवं सामाजसेवी गणेश वहादुर श्रेष्ठ थप्छन– **यसरी पानी खाइएला भनेर सपनीमा पनि चिताएको थिएन । यस परियोजनाले नचिताएको कुरा पुर्‍याई दियो । पहिला पानीकै कारण कति मानिस विरामी पर्थे, अहिले ईनारवाट तानेको सफा पानीको व्यवस्था भएको अव रोग विरामी पनि कमी हुन्छ ।**

योजनाको वारेमा गाविसस्तरीय सरोकारवाला समेत खुशि छन् । राकाथूम गाविसका राजनैतिक दलका नेता एवं सामाजसेवी तेज वहादुर तामाङ पनी **हालसम्म राजनैतिक दल, जिविस गाविसले गर्न नसकेको काम परियोजनाले गरेको छ । उनले भने "स्वच्छ खानेपानी जस्ता आधारभूत सुविधावाट समेत वन्चित वेलघारीमा परियोजनाले नयाँ प्रविधी सहित खानेपानी खुवाएको परियोजनालाई स्यवास दिनु पर्छ ।"**

उक्त खानेपानी योजनामा कुल २३ लाख ७ हजार ७६१ रुपैयाँ खर्च भएको छ जसमा परियोजनाको योगदान रु. १३ लाख ५२ हजार ४८४ रुपैयाँ रहेको छ । खानेपानी लिफ्टका लागि आवश्यक सोलार प्रणाली जडनका लागि Alternative Energy Promostion Centre (AEPC)/Reginal Renueable Energy Support Centre/Resource Management and Rural Empowerment Centre (REMREC) रु.९,५४,९७७। नौ लाख चौवन्न हजार नौ सय सतहत्तर रुपैयाँ वरावरको सोलार प्यानल तथा पानी तान्ने मेशिन र मर्मत सम्भार १ कोषमा रु. १,१२,५००।– गरि कुल रु. १०,६७,४७७।– स्रोत साझेदारिता गर्न समेत सफल भएको छ । खानेपाी योजनाको दीगोपनाका लागि हाल उपभोक्ताहरुले मर्मत सम्भर कोष तथा नीति तयार गरि प्रत्येक घरधुरीले रु. १००।– जम्मा गर्ने गरेको छ । साथै पम्प तथा खानेपानी योजनाको मर्मत सम्भरका लागि अपरेटर समेत तयार गरिएको छ ।

# घर घरमा पानी, सुध्रदैंछ वानी ।

पशुपति श्रेष्ठ
प्राविधिक



रामेछाप जिल्ला खाडादेवी गा.वि.स वडा न १ चौप्राङ श्रेष्ठहरुको वसोवास रहेको थलो हो । जहाँ ५० घर परिवार श्रेष्ठहरुको वसोवास रहेको छ । उक्त समुदायमा पुरानो खानेपानी आयोजना जिर्ण भइ ठाँउठाँउमा पानी चुहिनुको साथै धारा पोष्ट लगायत अन्य संरचनाहरु समेत विग्री भत्किसकेको थियो । परिणाम ५० घर परिवारका लागि खानेपानीको अभावको साथै पानी चुहिएको कारण वाटोघाटो समेत हिलाम्मे फोहोर वनाएको थियो ।

जव सामुदायिक विकास समाजले पीएसएफ लक्जेम्वर्गको आर्थिक सहयोगमा तेरे दे होम्स जर्मनी मार्फत महिला तथा बाल सशक्तीकरण: स्वास्थ्य तथा सरसफाइ परियोजना संचालन भयो तव त्यहका वासिन्दहरुले पहिलो माग खानेपानी सम्वन्धी राखेका थिए । प्रारम्भिक सर्वेक्षणको आधारमा पानीको आवश्यकता र सम्भावना दुवै देखे पछि कार्य आरम्भ गर्ने योजना वन्यो । सोही अनुरुप २०७२ साल असोजदेखि कार्यआरम्भ समेत भयो ।

कुल रु.२०,१०,६९३।– (वीस लाख दश हजार छ सय त्रियानव्वे) रुपैयाँ लगात रहेको उक्त योजनामा १६०८५५४।– (सोह्र लाख आठ हजार पाँच सय चौवन्न) रुपैयाँ परियोजनाको तर्फवाट र रु.४०२१३९।– (चार लाख दुई हजार एक सय उनानचालिस) रुपैयाँ वरावरको समुदायको योगादन रहने उक्त योजनामा ३ वटा इन्टेक र २ वटा फेरो सिमेन्ट ट्याँकी सहित ५० वटा धारा निर्माण गरि घरलौटी धारा र उक्त समुदायमा रहेको माध्यमिक विद्यालय र गाँऊघर क्लिनिकमा समेत धाराको व्यवस्था भएको छ ।

घरघरमा खानेपानीको सुविधा भए पछि समुदायमा विस्तारै करेसाबारी निर्माण गर्न थालेका छन् । वाटोघाटोको हिलो फोहोरमा पनि सुधार आएको छ । पानीको लागि हानथाप वा कलह गर्नु पर्ने अवास्था पनि रहेन । त्यतिमात्र कहाँ हो र ! विद्यालयका बालबालिकाहरुका लागि खानेपानी सुविधा साथै शौचालय सरसफाइका लागि पर्याप्त पानीको व्यवस्था भएको छ । चोप्राङवासी मख्ख भएका छन । ...भन्छन अहिले त घरमै धारा, कति सजिलो भयो भयो । न धारामा गएर पालो पर्खिनु पर्ने । पहिला त खाना पकाउन, शौचालयको लागि, वस्तु भाउका लागि दिनमै १० गाग्री भन्दा वढी पानी वोक्नु पर्थ्यो, अहिले घरमै धारा भयो कति सजिला भयो भयो । घर आँगनमा करेसावारी वनाउन र हरियो सागसव्जी लगाउन पनि सजिलो भएको छ ।

विद्यालयमा पनि बालबालिकाको लागि छुट्टै धारा र शौचालयका लागि छुट्टै धारा भए पछि विद्यालयको शौचालयको सरसफाइमा समेत सुधार आएको छ । समुदायमा रहेको खाँडादेवी मा.विका प्रधानाध्यपक वसु श्रेष्ठ भन्छन **"पहिला विद्यालय भरिका बालबालिकाको लागि शौचालयमा पानीको व्यवस्था गर्न गाह्रो थियो, जसको कारण शौचालय पनि फोहोर हुन्थे, अहिले पानीको व्यवस्था भए पछि शौचालयको सरसफाइ पनि भएको छ, बालबालिकालाई पिउने पानीको लागि पनि सजिलो भएको छ ।"**

अहिले समुदायले खानेपानी योजनाको दिगोपनाका लागि मर्मत संम्भार कोषको निति नियम विद्यान पनि तयार गरेको छ । दैनिक रुपमा पानी खोल्नु पर्ने भएको हुदाँ यहाँ कै स्थानिय वासी कर्ण ब. श्रेष्ठ ले वार्षिक रु ८,०००।– मा खानी खोल्ने र वन्द गर्ने जिम्मेवारी लिएका छन् । मर्मत सम्भार कोषमा प्रत्येक घरधुरीबाट रु.१००।– को दर ले उठाई ५० घरवाट महिनाको रु.५,०००।– उठाउने गरेका छन् । उनीहरुले सामुहिक सहमतिमा निम्न नियम समेत वनाएका छन् ।

- हरेक उपभोक्ताहरुले मासिक पानी को महशुल हरेक महिनाको १० गर्ते भित्र भुक्तानी गर्नु पर्ने छ । यदि १० गर्ते भित्र भुक्तानी नगरेमा रु १०० मासिक जरीवाना तिर्नु पर्ने छ ।
- उप भोक्ताहरुले पानी को महशुल नबुझाएको ३ महिना भन्दा बढी भएमा निजको धाराको पानी लाईन काट्न सक्नेछ । फेरी पूर्ण :जोड्ने अवस्थामा जडान बापत को दोब्बर महशुल तिर्नु पर्ने छ ।
- धारा नामसारी र ठाउँसारी गर्न निवेदन दिएको ७ दिन भित्रमा आवश्यक दस्तुर लिई नामसारी र ठाउँसारी गर्न सकिने छ ।
- धारा जडानको लागि निवेदन दिएको १५ दिन भित्र समितिको निर्णय वमोजम धारा जडान गर्न सकिने छ ।

- हरेक वर्ष मा हुने साधारण सभा अधिवेशन लगाएत डाकिएको महत्वपूर्ण भेलाहरुमा उपस्थित हुनु पर्ने छ ।
- प्रत्यक सार्वजानिक धारा भन्दा बाहेक पाईप टुटाईपानी थापेर खाएमा रु ५०० जरीवाना स्वरुप लिईने छ ।

घरघरमा खानेपानी भए पछि आमा समूहका महिला दिदीवहिनीहरु पनि विस्तारै जागर लगाउन थालेका छन् । घर आगनको सरसफाइ, व्यक्तिगत सरसफाइ, शौचालयको सरसफाइ लगायत सरसफाइ र करेसावारी वनाउने तर्फ विस्तारै जुरमुराउदै छन ।

# स्वास्थ्य पहूँचका लागि गाऊघर क्लिनिक उत्तम विकाल्प वन्दैछ



स्वामी, पिपल वा वरको चौतारो वा कुनै चऊर कुनै टुङ्गो नै थिएन गाऊघर क्लिनिकको । खासमा बालबालिकाहरुलाई खोपाउने र परिवार नियोजनका साधनहरु वितरण गर्ने गरि महिनामा १ दिन एक जना स्वास्थ्यकर्मीले वाटोघाटो, चौतारो वा चउरमा नै सेवा दिने गर्थ्यो । खुल्ला ठाँऊ, न विरामी वस्ने वेड, न केही औषधी–उपकरण कहाँ जचाउने ? गर्भवती महिलाले गर्भजाँच गर्नेसम्मको सुविधा पनि थिएन । सामन्वय विरामी पनि सकि नसकि घण्टौ हिडेर आउनु पर्थ्यो उपस्वास्थ्य चौकीमा, त्यस्तै अवस्था थियो गर्भवती महिलोको पनि । हिड्नैको गाह्रोले पनि मानिसहरु रोग पालेरै वस्थे भने गर्भवती महिलाहरु पनि गर्भ जाँच गराउन जादैनन् थिए ।

जव महिला तथा बाल सशक्तीकरणः स्वास्थ्य तथा सरसफाई परियोजना प्रारम्भ भयो सर्वसाधारणलाई स्वास्थ्य सेवामा पहूँच अभिवृद्धि गर्ने उद्धेश्यले संचालित गाँऊघर क्लिनिक व्यवस्थित, नियमित र प्रभावकारी भएमा मात्र लक्षित जनताले सहजै स्वास्थ्य सेवा प्राप्त गर्न सक्छन् भन्ने ठानेर उपस्वास्थ्य चौकी मार्फत गाऊघर क्लिनिक व्यवस्थित गर्ने पहल गर्‍यौ । परियोजनाले उपस्वास्थ्य चौकीसँग समन्वय गरेर गाऊघर क्लिनिकका लागि अवाश्यक औषधी उपकरण, फर्निचर लगायत परियोजनामा उपलव्ध १ जना कर्मचारीले समेत सहयोग गर्ने गरि ३ वटा गाविसमा गरि १० वटा गाऊघर क्लिनिकहरुलाई व्यवस्थित गर्‍यौ । नभन्दै अहिले गाऊघर क्लिनिक कम्तिमा पनि एउटा कोठामा विरामी जाँच्नको लागि वेड, उपकरण लगायत प्राथमिक उपचारका लागि औषधी सहित मिनी उपस्वास्थ्य चौकी नै भएको छ । विरामीहरु र गर्भवती महिलाको लागि कम्तिमा नजिकै उपचार गर्ने र गर्भजाँच गर्ने सुविधा प्राप्त भएको छ । वितेको वर्ष मात्र २४९२.जनाले स्वास्थ्य सेवा लिएका छन् भने ४३ जना महिलाहरुले नियमित गर्भ जाँच गरेका छन् । गाऊघर क्लिनिकमा सुत्केरी समेत भएको छ ।

भौगोलिक विकटता, उपस्वास्थ्य चौकी अपायक भएको कारण धेरै कठिनाई भोगिरहेको मझुवा र खाँडादेवी गाविसमा संचालित गाऊघर क्लिनिकले जनतलाई ठुलो राहत पुगेको वताउछन स्थानीय वासिन्दाहरु । मझुवा गाविस वडा नं. ५ मा संचालित गाऊघर क्लिनिकको सन्दर्भमा स्थानीय समाजसेवी इन्द्रसिं लामा भन्छन : **द्धन्दको समयमा उपस्वास्थ्य चौकी अन्यत्र स्थान्तरण भइ ठुलो समस्या भोगिरहेको वडा नं. ५ र ७ का जनता र उमाविका विद्यार्थीहरु समेतलाई गाऊघर क्लिनिकले ठुलो राहत भएको छ । सामन्य रुघा खोकी, टाउको दुख्दा, ज्वरो आउदा, पखल चल्दा समेत कोसौ हिडेर जानु पर्ने अवस्था थियो । अहिले गाँऊमा नै यो खाले सेवा उपलव्ध हुदा जनतालाई धेरै सजिलो भएको छ ।**

यसै गरि शिक्षक एवं समाजसेवी इन्द्रावती मोक्तान भन्छन : **एउटी गर्भवती महिलालाई ८ महिनाको गर्भ लिएर २–३ घण्टा हिडेर गर्भजाँच गर्न जान कति गाह्रो होला ! कमसेकम अलि नजिकै भए त धेरै सजिलो हुन्छ । यस क्लिनिकले गर्दा गर्भवती महिलालाई पनि धेरै सजिलो भएको छ । वरु अव यस क्लिनिकलाई थप व्यवस्थित गरि २४ घण्टे प्रसुति सेवा संचालन गर्नु पर्छ । त्यसको लागि समुदायको तर्फवाट गर्नु पर्ने कार्य गर्न हामी तयार छौ । अहिले हामीले १ जना कर्मचारी व्यवस्था गरि गाऊघर क्लिनिकलाई पनि महिनै भरि नियमित संचालन गर्ने व्यस्था गरेका छौ ।**

समुदायले आँट्ने हो भने २४ घण्टे प्रसुति सेवा संचालनको लागि एउटा आधार भएको गाऊघर क्लिनिक । गरीब विपन्न र विरामीहरुका लागि सहजै औषधो उपचार गर्ने थलो पनि वनेको छ गाऊघर क्लिनिक । भौगोलिक विकटताका कारण उपस्वास्थ्य चौंकी मार्फत सेवा प्रदान गर्न नसकेका जनताको लागि भरपर्दो विकल्प भएको छ गाऊघर क्लिनिक । स्वास्थ्य सचेतना र उपचारका लागि जनतालाई प्रोत्साहित गर्ने प्रभावकारी उपाय भएको छ गाऊघर क्लिनिक ।

# पुनःजुनी पाए सालमायाले ।

निर्मला श्रेष्ठ
सामाजकि परिचालक
राकाथुम गाविस



सामुदायिक विकास समाज मार्फत Luxembourg Government⁄Pharmaciens Sans Frontiers, Luxembourg को आर्थिक सहयोगमा Terre des Hommes (TDH) Germany मार्फत संचालित Empowering women and Chidren : Health and Sanitation Project ले आयोजना गरेको आँखाको निशुल्क शल्यक्रिया शिविरमा आँखाको उपचार पछि आँखा देख्न पाउदा फेरी नायँ जुनी पाए झै भएको छ सलमायालाई

राकाथुम गाविस वार्ड न ४ खानी गाऊ निवासी ७२ बर्षिया (वृद्वा तथा एकल महिला) सलमाया आलेमगर २०७१ साल चैत्रमा दुवै आँखाको ज्योति गुमाए । आँखा नदेख्ने भए पछि हात खुट्टा सच्चे छदाछदै उनि थलिए । उमेरमै श्रीमान वेपत्ता भए पछि एक्लिएका सलमायालाई आँखा पनि देख्न छाडेपछि आफ्नो जीवननै वोझ वन्यो । आँखा नदेख्दाको पिडा उनि यसरी सुनाउछिन ***"मन त उडि जान्छ, वोलेको मात्र सुनिन्छ, न कोही देख्ने, न कतै जान सक्ने आँखा देख्दा हिडेको घुमेको गाँउघर, घरआँगन सवै विरानो जस्तो, सवैतिर निष्पट, भित्रीमन त कति रुन्थ्यो कति !"***

सास रहुन्जेल आश भने झै आफुलाई साहारा दिने नातामा भदा चन्द्र वहादुर आले मगरलाई उनि वारम्वार सोधी रहन्थिन न फेरि पनि आँखा देख्न सकिन्छ ? आँखाको उपचार गर्न पाए पनि हुन्थ्यो भन्ने हुटहुटी थियो मनमा । भदाले पनि कमजोर आर्थिक अवस्थाका कारण कतै लगेर आँखा जचाउन वा उपचार गर्न सकेको थिएनन । यसै वीचामा आँखाको निशुल्क शिविर हुदै छ भन्ने सुने पछि सोधेखोजी गरे र संस्थाको सामाजिक परिचालक निर्माला श्रेष्ठसँग भेटेर आँखा शिविरको वारेमा जानकारी लिए ।

संस्थाले जना आउनका लागि यातयातको व्यवस्था सहित निशुल्क आँखाको शल्यक्रिया शिविरमा आँखाको शल्यक्रिया गरि दिए पछि फेरी उनि दुवै आँखा देख्ने भए । दुवै आँखा देखे पछि सलमायाले फेरी अर्को जुनि पाएको अनुभुति गरिन । आफुलाई पालान पोषण गर्ने भदालाई सामुन्नेमा देख्दा सलमाया खुशिले गदगद् भइन । उनले खुशि थाम्न सकिनन र हर्षले छमछमी नाचिन । उनले थपिन **"तपाईहरुलाइ ठुलो धर्म भयो, आँखा नदेख्ने दुःख कस्तो हुन्छ भन्ने आँखा नदेख्नेलाई मात्र थाहा हुन्छ, हामी आँखा नदेख्नेलाई संसार देखउनु भयो, हाम्रो छोरा नातीले गर्न नसकेको काम तपाईहरुले गरि दिनु भयो तपाईहरुलाई धन्यवाद ।"**

अचानो चोट खुकुरीलाई के थाहा भने झै आँखा नदेखेको कारण घरमै गुमनाम वस्न वाध्य कैयौ आँखाका विरामीहरुले आँखा देख्न पाउनु र आँखा देख्दाको क्षण उनिहरुको अनुहारमा देखेको खुशिले साच्चै मेरो मनलाई पनि आनान्दित तुल्यायो । सायदै पुरै अध्यारो हटाउन सकिदैन भने पनि एउटा मैन वत्ति वाल्न नचक भनेको यहि होला ।

## सफलताको कथा

## पहिलो माझी गाँउ वन्यो कोथवे जहाँ लिफ्ट गरि पानी खाए ।

राकाथूम गाविसको वडा नं. १ पर्ने कोथवे सिमान्तकृत आदिवासी जनजातिको रुपमा रहेको माझी समुदायको वसोवास रहेको वस्ती हो । सुनकोशी नदिको तिरैमा रहेको यस गाँउमा ४८ घर परिवार माझीहरुको वसोवास रहेको छ । यस समुदायका मानिसहरु केही समय अघिसम्म सुनकोशी नदीकै पानी खाना वाध्य थिए । के हिउद, के वर्ष वाहैमास सुनकोशी नदिको पानी खानु भन्दा विकल्प थिएन । नदीवाट पानी ल्याउने ठाँउ र गाई वस्तुलाई पानी पियाउने, नुहाउने धुवाउने र लाशा पोल्ने समेत ठाँउ एउटै थियो । एकातीर पानी फोहोर दुषित त थियो नै वास्ती भन्दा मुनी रहेको नदीवाट दैनिक पानी ओसार्न पनि कठिन नै थियो ।



हिउदयाममा तै विसेक पानी सङ्लो नै भए पनि वर्षा याममा वढीका कारण धमिलो फोहोर पानीको विकल्प थिएन । हाल उक्त समुदायमा संस्थाले पीएसएफ लक्जेम्वर्गको आर्थिक सहयोगमा तेरे दे होम्स जर्मनी मार्फत सोलार सिस्टमवाट लिफ्ट गरि खानेपानीको व्यवस्था गरिदिएको छ । नदिको किनारमा ईनार निर्माण गरि सोलार पम्पद्धारा पानी लिफ्ट गरि वस्तीमा १० वटा धाराहरु मार्फत वितरण गरिएको छ । यसरी समुदायमा कल्पनै नगरिएको सिस्टमद्धारा खानेपानी सुविधा उपलव्ध भए पछि कोथवेवासी हर्षित भएका छन् ।



स्वच्छ सफा खानेपानी उपलव्ध मात्र नभएर हाल घर आँगनमा साँगसव्जी उर्मान पनि थालेको छन् । जिल्लाकै एउटा विकट गाविसको सवैभन्दा पिछडिएको समुदायमा खानेपानी सुविधाका लागि संस्थाले गरेको सहयोग प्रति गाविस समेत अनुगृहत भएका छन । यसै सन्दर्भमा गाविस सचिव रामकृष्ण आचार्य भन्छन **“संस्थाले गाविसको सवै भन्दा खानेपानीको समास्या भोगिरहेको समुदायहरु वेलघारी र कोथवेमा जुन हिसावले खानेपानी सुविधा पुऱ्यायो जनु अनुकरणीय र प्रसंयायोग्य छ, यदि गाविसको वजेटवाट गर्ने हो भने असम्भव थियो र त्यहाँका जनताले सायदै जीवनभर सुनकोशी नदिकै फोहोर खानेपानी खाएर जीवन विताउनु पर्ने थियो । किनकी गाविसको १०–१५ लाखले कहिले त्यस ठाँउमा पानी खुवाउन सक्नु ! त्यसै संस्था र संस्थालाई सहयोग गर्ने दातृनिकायलाई हामी धन्यवाद दिन चाहान्छौ ।”**

उक्त योजनावाट समुदायसँगसगै समुदायमा रहेको विद्यालयमा पनि खानेपानी सुविधा पुगेको छ । उक्त विद्यालयका शिक्षक भोलाचन्द्र श्रेष्ठ भन्छन **“यस संस्थाले वास्तवमा कल्पनै नगरेको काम गरेर देखायो, वाध्यतावश नदीकै फोहोर पानी खाना वानी परेको यस समुदायमा विद्यालय आउने बालबालिकाहरु पनि झाडापखालका कारण विरामी पर्थे, विद्यालयमा पानीको सुविधा नहुदा पानी खानका लागि पनि घर जानु पर्ने अवस्था हुन्थयो, शौचालयको कुरै थिएन, अहिले पानी पनि भएको छ, शौचालय पनि ।”**

हाल आएको परिवर्तन र विगतको अवस्था सम्झदै उपभोक्ता समितका अध्यक्ष विष्णुमाया माझी भन्छन **“पानी नहुदाँ र हुदाँ कति फरक छ छ, पहिला पानी वोकेर ल्याउन त्यतिकै गाह्रो, नुहाउन धुवाउन पनि नदिमै जानु पर्ने, हिउदामा त फलविरुवा भनेको एउटा वुट्टा पनि हुदैन थ्यो, पानी भएपो चर्पी वनाउनु ! तर अहिले एउटा त घर नजिकै पानी आयो, पानीको कारण करेसावारीहरु पनि शुरु भएकाछन्, शौचालय, नुहाउन धुवाउन सजिलो भयो । गाँउको ईज्जत नै वढेको छ । यस भेगमा नै**

**माझी समुदाय मध्ये हाम्रो गाँउमा यस्तो विकासदेखे पछि अरु गाँउका मानिसहरु छक्क परेका छन् हाम्रो गाँउमा पनि यस्तो विकास गर्ने संस्थालाई पठाइदेउन भन्छन ।"**

नभन्दै कोथवेवासी वल्ल विकासको अनुभूति गर्न थालेको छन् । गाँउमा धारापानी, शौचालय, सुधारिएको चुलो, गाँउघर क्लिनिक, करेसावारी, आमासमूह आदि । हिजो आमासमूहमा घरका महिलालाई नपठाउने र सिडिएसले महिलालाई वराले भन्नेहरु पनि अहिले आमा समूह मार्फत भएको सुधार र विकास देखेर चुप लागेको छन् ।

# निशुल्क आँखाको शल्यक्रिया शिविर सम्पन्न १३७ जनाले नयाँ दृष्टि प्राप्त गरे



सामुदायिक विकास समाज/महिला बाल सशक्तीकरणः स्वास्थ्य तथा सरसफाइ परियोजनाको आयोजना र स्थानीय स्तरमा ढ्गिसुम गुम्वा सेवा समित र दोरम्वा गाँउ विकास समितिको सहआयोजनामा रामेछाप जिल्लाको दोरम्बा गा.वि.स.मा सञ्चालित २ दिने आँखाको निशुल्क शल्यक्रिया भर्खरै सम्पन्न भयो । तिलगंगगा आँखा प्रतिष्ठानको प्राविधिक सहयोगमा संचालित उक्त शिविरमा विभिन्न गाविसका १३७ जना आँखाका विरामीहरुको आँखा विशेषज्ञ डा. सन्दुक रुइत सहितको टोलीले शल्यक्रिया गरेका थिए । आँखा शिविरवाट दूर्गम भेगका गरिब तथा विपन्नहरु लाभान्वित भएका छन् ।



शल्यक्रिया शिविर संचालन गर्नु पूर्व सामुदायिक विकास समाजको आयोजना र जिल्ला सामुदायिक आँखा केन्द्र मन्थली रामेछापको प्राविधिक सहयोगमा जिल्लाका विभिन्न गाविसहरु भिरपानी, मभ्रुवा, राकाथुम, दिमीपोखरी, टोकरपुर र डडुवा गाविसमा आँखाको जाँच तथा उपचार शिविर संचालन गरि शल्यक्रिया गर्नु पर्ने विरामीको पहिचान गरि वैशाख ३१ र जेष्ठ ०१ गते दुई दिन आँखाको शल्यक्रिया शिविर आयोजना गरिएको थियो । विभिन्न गाविसमा संचालित निशुल्क आँखाको जाँच तथा उपचार शिविरमा करिब १५०० आँखाका विरामीहरुले आँखा जाँच गरइएका थिए ।

आँखा शल्यक्रिया गर्नु पर्ने विरामीका लागि खाना वस्नको व्यवस्था समेत गरिएको थियो । उक्त आँखा शिविरमा दुवै आँखा नदेखेका कारण वोकेर ल्याएका विरामी शल्यक्रिया पश्चात आँखा देखे पछि हिडेर घर गएका थिए । श्रीमान श्रीमति दुवै जानको आँखा नदेख्ने टोकरपुर गाविस वडा नं. ८ का दल वहादुर थापा मगर (वर्ष ६६) र दिलमाया थापा मगर (वर्ष ६१) पनि आँखा देखे पछि रमाएर नाचेका थिए । आँखा नदेखेका कारण अन्धकारमय जीवन विताउन वाध्य धेरैले पुनः आँखा देख्ने भए पछि नयाँ जीन्दगी पाएको अनुभव सुनाए । त्यसै मध्येका एक ८६ वर्षिया ठुलीमाया तामाङले भनिन– **“आँखा नदेखे पछि त घरको पनि हेला, कहीकेही गर्न सकिदैन, सुनेको भरमा छामछाम छुमछुम गऱ्यो, वाँचे पनि मरेकै जुनी जस्तो केही गर्न सकिदैन तर अव आँखा देखे पछि संसारै उज्यालो र अरुको भर पर्नु परेन कति खुशि लागेका छ छ , तपाईहरुलाई धन्यवाद ।”**

आँखा शिविर सम्वन्धमा **“परिवारका सदस्यहरुको मदत र आर्थिक समस्याका कारणले आँखाको उपचार गर्न नसकि अन्धकारमय जीवन विताउन वाध्य धेरै वृद्धवृद्धाहरुको पुनः आँखाको ज्योति फर्काउने काम गरेर आयोजक संस्था र तिलगंगा आँखा प्रतिष्ठानले ठुलो पुण्यकर्म गरेको” वताउछन स्थानीय समाजसेवी मिन वहादुर घिसिङ ।**

वृद्धवृद्धा उमेरका व्यक्तिहरु जो परिवारका अन्य सदस्यको भर पर्नु पर्नेकारण उपचार नपाएर अन्धकारमय जीवन विताइ राख्नु भएकाहरुलाई आफ्नै घरगाँउमा शिविर आयोजना हुदाँ खर्च धेरै कम लाग्ने र नजिकै भएको कारण परिवारका सदस्यलाई समेत उपचारका लागि लैजान दवाव पर्ने र परिणाम वृद्धवृद्धाहरु लाभान्वित हुने देखिएको छ ।

# कालीम्राङ्ग वन्यो खुल्ला दीशा मुक्त र धुवाँ मुक्त समुदाय

मझुवा गाविसको वडा नं. ३ कालिम्राङमा ७० घरधुरी रहेको छ । मुख्यता तामाङहरुको वसोवास रहेको यस समुदायमा केही घर दलित र नेवारहरु पनि रहेका छन् । स्वास्थ्य चेतनाको दृष्टिकोणले मझुवा गाविसकै पिछडिएको समुदायको रुपमा रहेको कालीम्राङका वासिन्दहरु न्यून्तम रुपमा शौचालयको सुविधा मात्र होइन दिनानुदिन खाना पकाउने चुलो सुधार समेत हुन सकिरहेको थिएन । शौचालय नभए पछि वाटोघाटोमा दिशा गर्नु र धुवामा रुमलिदै खाना पकाउनु वाध्यता थियो ।



महिला तथा बाल सशक्तीकरण: स्वास्थ्य सरसफाई परियोजना प्रारम्भ भए पछि जलदेवी आमा समूहमा समुदायका महिलाहरुलाई संगठित गरि स्वास्थ्य सरसफाई लगायत उनीहरुको सरोकारका विषयहरुमा छलफल शुरु भए लगतै महिलाहरुले घर घरमा शौचालय र सुधारिएको चुलो वनाउने निर्णय गरे । परियोजनाको कार्य प्रक्रिया वमोजिम शौचालय र सुधारिएको चुलो वनाउन चाहनेहरुको आवेदन लिई शौचालयन निर्माणका लागि १ वोरा सिमेन्ट, प्यान पाइप र ३ पता जस्ता र सुधारिएको चुलाको लागि आवश्यक रड र आधा ज्याला उपलव्ध गराउने र वाँकी काम स्यवयमेले गर्नु पर्ने गरि सम्झौता भयो । नभन्दै धामाधम शौचालयको लागि खाडल खन्ने, ढुङ्ग माटो गारो उठाई छाना छाउन तयारी गर्न थाल्यो । परियोजनाको शर्त वमोजिम कार्य सम्पन्न भए पश्चात शौचालयका लागि १ वोरा सिमेन्ट, प्यान पाइप र ३ पता जस्ता उपलव्ध गरायो । केही समयमा नै सवै घरमा शौचालय वन्यो । अर्को तिर सुधारिएको चुलो पनि धामाधाम  जडान हुन थाल्यो । सवै घरमा शौचालयसँगसगै सुधारिएको चुलो समेत जडान भयो । यसरी परियोजना शुरु भएको १ वर्ष भित्रै सवै घरमा शौचालय र सुधारिएको चुलो जडान भइ उक्त समुदाय मझुवा गाविसकै पहिलो खुल्ला दिशामुक्त र घर भित्रको धुवाँ मुक्त समुदाय वन्न सफल भएको छ ।

यस सन्दर्भमा स्थानीय समाजसेवी झगड वहादुर नेपाली भन्छन: **वास्तवमा यस परियोजनाले छोटो समयमा नै महिलाहरुको सोचाई र व्यवहार  ठुलो परिवर्तन ल्याएर देखायो । हिजोसम्म आफ्नो परिचय समेत दिन लाज मान्ने, घर आँगानसम्म राम्रोसँग सरसफाई नगर्ने र सामाजिक कार्यमा त झन मतलव नै नराख्ने महिलाहरुलाई संगठित गरि उनीहरुलाई समुदायको विकासको लागि अग्रसर वनाउन जुन मदत गरेको छ त्यसैको परिणाम नै अहिले यस समुदाय खुल्ला दिशामुक्त र घर भित्रको धुवाँ मुक्त समुदाय वन्न सफल भएको छ ।**
**यसले अन्यत्रका महिलालाई ठुलो शिक्षा र प्रेरणा दिएको छ भन्ने लाग्छ ।**

उक्त समुदायलाई जिल्लास्तरीय सरोकारवालाहरुको अनुगमनका क्रममा २०७१ साल कार्तिक १२ गते भव्यताका साथ खुल्ला दिशामुक्त र घर भित्रको धुवाँ मुक्त समुदाय घोषणा गरिएको थियो ।